मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily


◆ वर्ष : २९ ◆ अङ्क : २४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन ८ गते मंगलबार (Tuesday, 23 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## क्रोएशिया पठाइदिन्छु भन्दा ...

**काठमाडौं, साउन ७।** वैदेशिक रोजगारमा क्रोएशिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियगाम ललितपुर महानगरपालिका-२ सानेपा बस्ने रौतहट माधवनारायण नगरपालिका-३ घर भएका २७ वर्षीय चन्दनकुमार जैसवाललाई प्रहरीले पक्राउ गरेको छ।

आकर्षक तलबको प्रलोभनमा पारी क्रोएशिया पठाइदिन्छु भनी ४ जना पीडितहरूबाट ५ लाख ८४ हजार रूपैयाँ लिई सम्पर्क विहीन भएका जैसवाललाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-१२ पचली भैरवबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको छ।

## दैनिक ९७ सडक दुर्घटना, औसतमा सात जनाको मृत्यु



**झापा, साउन ७ ।** नेपालमा प्रत्येक दिन औसत ९७ वटा सानाठूला सवारी दुर्घटना हुने गरेका छन्। ती दुर्घटनामा परी दैनिक औसत सात जनाले ज्यान गुमाउने तथा ८८ जना घाइते हुने गरेका छन्।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार गत वर्ष मात्रै ३५ हजार चार सय चार वटा सवारी दुर्घटना भएका छन्। ती दुर्घटनामा परी दुई हजार तीन सय ६८ जनाको मृत्यु भएको छ भने छ हजार एक सय ६० गम्भीर र २५ हजार नौ सय ९६ जना साधारण घाइते भएका छन्। सवारी दुर्घटनामा एक सय एक चौपायासमेत मरेका छन्। सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी बढी दुर्घटनामा पर्ने गरेको प्रहरीको तथ्याङ्क छ। गतवर्ष १९ हजार नौ सय ८४ मोटरसाइकल,स्कुटर, छ हजार आठ सय ३७ कार, जिप, दुई हजार एक सय ९३ बस, एक हजार पाँच सय २० साइकल, रिक्सा, एक हजार चार सय ६८ ट्रक,ट्याङ्कर, एक हजार चार सय ७४ टेम्पो, म्याजिक, सात सय ८३ ट्र्याक्टर र चार सय माइक्रोबस दुर्घटना भएका थिए।

**एक अर्ब ७५ करोड ट्राफिक राजश्व**

ट्राफिक प्रहरीले गत वर्ष २२ लाख ९१ हजार आठ सय १७ वटा कारबाहीमा रु. एक अर्ब ७५ करोड ८१ लाख ८६ हजार सात सय ६० राजश्व सङ्कलन गरेको छ। गत वर्ष २४ लाख वटा ट्राफिक कारबाहीमा रु. एक अर्ब ८८ करोड राजश्व सङ्कलन भएको थियो।

**सत्र सय प्रहरीमाथि कारबाही**

प्रहरीले सङ्गठनको आचरण विपरित काम गर्ने एक हजार सात सय एक प्रहरी कर्मचारीलाई कारबाही गरेको छ। कारबाहीमा पर्ने सबैभन्दा बढी प्रहरी

*(बाँकी अन्तिम पृष्ठमा)*

# १९ अर्बको कृषिजन्य वस्तु निर्यात

## मेची भन्सारको राजश्व १४ अर्ब २३ करोड

**भद्रपुर साउन ७।** पूर्वीनाका काँकरभिट्टाबाट आर्थिक वर्ष २०८०/०८१ मा कृषिजन्य उपभोग्य एवम् औद्योगिक वस्तुको आयातभन्दा निर्यात बढी भएको छ। यस वर्ष यी वस्तुको व्यापारमा पूर्वीनाका नाफामा गएको हो।

प्लान्ट क्वारेन्टिन कार्यालय काँकरभिट्टाका सूचना अधिकारी चन्द्रेश्वर यादवका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा रु. १४ अर्ब ३४ करोड ५१ लाख ९५ हजारको विभिन्न कृषिजन्य वस्तु आयात भएको छ।

सोही अवधिमा काँकरभिट्टा नाका भएर रु. १८ अर्ब ९५ करोड ७८ लाख ८५ हजार मूल्य बराबरको वस्तु विदेश निर्यात भएको उनले जानकारी दिए। गत आवको आयातको तुलनामा आव २०८०/०८१ मा रु. चार अर्ब ६१ करोड २६ लाख ९० हजार मूल्य बराबरको कृषिजन्य वस्तु बढी निर्यात भएको हो।

निर्यात भएका कृषिजन्य वस्तुमा तरकारी, फलफूल, बिरुवा, जडीबुटी, प्रशोधित सामग्री, औद्योगिक बाली, चिया, अम्रिसो, अलैंची, काठका हस्तकला सामग्री, मसला बाली, बीऊ बिजनलगायत छन्। चिराइतो (जडीबुटी) बाहेक सम्पूर्ण वस्तु भारत निकासी हुने गरेको छ। चिराइतो भने भारत र बङ्गलादेश दुबै मुलुकमा निर्यात हुने गर्छ।

आयात हुने कृषिजन्य वस्तुमा खाद्यान्न, दलहन, तेलहन, ताजा तरकारी, फलफूल, बोटबिरुवा, जडीबुटी, दाल, लसुन, आलु,



ब्रानलगायत रहेको सूचना अधिकारी यादवले जानकारी दिए। काँकरभिट्टा नाका भएर आयात हुने खाद्य वस्तुमा मकै, फापर, कोदो रहेको छ।

यस नाकाबाट उक्त अवधिमा जम्मा रु. ९१ करोड ५६ लाख ८१ हजार मूल्य बराबरको खाद्य वस्तु आयात भएको छ। आयातित कृषिजन्य वस्तुमध्ये ताजा तरकारी र ताजा फलफूल धेरै छ। कार्यालयको तथ्याङ्क अनुसार रु. चार अर्ब, ८७ करोड ६५ लाख १५ हजारको ताजा फलफूल रु. चार अर्ब ५६ करोड २३ लाख ८० हजारको ताजा तरकारी एक वर्षमा आयात भएको छ।

निर्यातको ठूलो अंश औद्योगिक बाली र मसाला बालीले ओगटेको छ। धेरै निर्यात हुने कृषिजन्य वस्तुको सूचीमा चिया, अम्रिसो, अदुवा र प्लाइउड भारत निर्यात हुने गरेको छ। भारतबाहेकका मुलुकमा निर्यात थोरै छ।

यसैबीच पूर्वीनाका काँकरभिट्टाबाट भारत, बङ्गलादेशलगायत देशसँग हुने व्यापारघाटा रु. २० अर्ब ३५ करोड ३० लाख ४० हजार पुगेको छ। मेची भन्सार कार्यालयको तथ्याङ्कानुसार गत आर्थिक वर्ष २०८०/८१ मा रु. ४४ अर्ब ७५ करोड ६६ लाख ९४ हजार बराबरको आयात हुँदा रु. २४ अर्ब ४० करोड ३६ लाख ५४ हजार बराबरको मालवस्तु निर्यात भएको हो।

मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलका अनुसार पछिल्लो दुई वर्षमा आयात तीन दशमलव ४८ प्रतिशतलले कम हुँदा निर्यात भने १० दशमलव ७१ प्रतिशतले बढेको छ। उनका अनुसार आव २०७९/०८० मा रु. ४६ अर्ब ३७ करोड १३ लाख ३४ हजार आयात र रु. २२ अर्ब चार करोड १८ लाख ९३ निर्यात रहेको थियो।

गत आवमा पेट्रोलियम पदार्थ चार दशमलव ५१ प्रतिशत, जुट सात दशमलव २५ प्रतिशत, जिप्सन छ दशमलव ५७ प्रतिशत, तरकारी १७ दशमलव ८५ प्रतिशत, अलडिड रेजिन पाँच दशमलव ६९ प्रतिशतले आयात घटेको सूचना अधिकारी कँडेलले जानकारी दिए।

मेसिनरी उपकरण ६६ दशमलव १० प्रतिशत, दाल १८ दशमलव छ प्रतिशत, इलेक्ट्रिक उपकरण ३० दशमलव ३४ प्रतिशत र फलाम २२ दशमलव प्रतिशतले आयात बढेको छ। मेची भन्सार कार्यालयबाट निर्याततर्फ सबैभन्दा धेरै भेनियस सिट एक हजार दुई सय ५३ दशमलव ९७ प्रतिशतले बढ्दा प्लाइउड ५५ दशमलव ३८ प्रतिशत, छुर्पी २९ दशमलव ७९ प्रतिशत, अम्रिसो ३० दशमलव १२ प्रतिशत, अदुवा-सुठो २१ दशमलव ६८ प्रतिशतले निर्यात बढेको छ।

अलैंची, चिया, धातुका अन्य अवशेषको निर्यात भने घटेको मेची भन्सार कार्यालयले जनाएको छ। सूचना अधिकरी कँडेलका अनुसार गत आव २०८०/०८१ मा मेची भन्सार कार्यालयले रु. १४ अर्ब २३ करोड ५२ लाख ६० हजार राजश्व सङ्कलन गरेको छ।

## बलात्कार घटनाका दोषीलाई कारबाहीको माग

**काठमाडौँ, साउन ७।** छाउपडी बसेकी किशोरी बलात्कृत घटनाका दोषीमाथि कारबाही गर्न सांसदहरुले माग गरेका छन्।

राष्ट्रियसभाको सोमबारको बैठकमा सांसद राजेन्द्रलक्ष्मी गैरेले अछाममा छाउपडीमा बसेकी किशोरीमाथि भएको बलात्कारको घटनाको छानबिन गरी दोषीमाथि कारवाही गर्न सरकारसँग माग गरिन्।

सांसद पूजा चौधरीले इलामदेखि कञ्चनपुरसम्मको चुरे क्षेत्र, भावर क्षेत्रको जलाधार क्षेत्र क्षयीकरण हुँदै गएको विषयमा सरकारको ध्यानाकर्षण गराइन्। यसबाट वातावरणीय समस्या बढ्दै गएको तथा पानीको स्रोत सुक्दै गएकाले त्यसप्रति गम्भीर बन्न सरकारसँग आग्रह गरिन्। उनले गाउँबस्ती कटान र डुबानले प्रभावित भएको उल्लेख गर्दै चुरे क्षेत्रको संरक्षणमा ध्यान दिनुपर्नेमा जोड दिइन्। सांसद शेखरकुमार सिंहले मधेश-प्रदेशको संस्कृति संरक्षण गर्न आवश्यक भएको उल्लेख गरे। यसले पर्यटकलाई आकर्षण गर्न सकिने उनले विश्वास व्यक्त गरे।

सांसद कृष्णप्रसाद अधिकारीले खस्कँदो अर्थतन्त्रमा सुधार ल्याउन सुझाव दिए। सांसद विष्णुकुमारी सापकोटाले रोजगारीका लागि विदेश जानुपर्ने बाध्यतालाई ध्यानमा राखेर स्वदेशमै स्थानीय तहबाट नै रोजगारीको सिर्जना गर्नुपर्नेमा जोड दिइन्। राष्ट्रियसभाको बैठकमा सांसदहरुले विकास, विपद र अपराधजन्य घटनाका मुद्दा उठाउँदै आएका छन्।

## पूर्व राज्यमन्त्री रायको हत्या

**झापा, साउन ७।** राप्रपा केन्द्रीय सदस्य एवम् पूर्व भूमिसुधार राज्यमन्त्री रामचन्द्र रायको हत्या भएको छ। सर्लाहीको चन्द्रनगर गाउँपालिका-१, रत्नपुरस्थित निवासमै रायको हत्या भएको सर्लाहीका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

८० वर्षीय रायको आइतवार राति ११:३० बजे धारिलो हतियार प्रहार गरेर हत्या भएको श्रेष्ठले जानकारी दिए। राय मलंगवामा बस्दै आएका थिए। आइतबार मात्रै उनी रत्नपुर आएको स्थानीय बासिन्दाले बताए। रत्नपुरमा उनको पुरानो घर र खेतीपाती छ। त्यसकै लागि उनी आउने जाने गर्दै आएका थिए। उनको हत्यामा सम्लग्न भएको आरोपमा प्रहरीले २१ वर्षीय युवकलाई पक्राउ गरेको छ। घटनापछि प्रहरीले लालगढबाट



तालिमप्राप्त कुकुर मगाएर अनुसन्धान थालेको थियो।

यसैबीच राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पूर्वमन्त्री रायको हत्या भएको घटना दुखद् र निन्दनीय रहेको जनाएको छ। राप्रपाले घटनाको सत्यतथ्य जाँचबुझ

*(बाँकी अन्तिम पृष्ठमा)*

## पत्रकार लामा र रेग्मीलाई डि-कौडिन्य पत्रकारिता पुरस्कार

**बिर्तामोड, साउन ७।** नेपाल पत्रकार महासंघ झापाका सचिव डिकेश लामा र मेचीखबर साप्ताहिकका प्रधान सम्पादक झुलन रेग्मीलाई डि-कौडिन्य पत्रकारिता पुरस्कार प्रदान गरिएको छ।

बिर्तामोडको साई पार्टी प्यालेसमा सोमबार आयोजित एक कार्यक्रमका बीच लामा र रेग्मीलाई नगदसहित डि-कौडिन्य पत्रकारिता पुरस्कार प्रदान गरिएको हो। पुरस्कारको राशी २१ हजार रुपयाँ रहेको छ। कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेशका पूर्वआर्थिक मामिला तथा योजनामन्त्री इन्द्र आङबो, सेन्टरका केन्द्रीय उपाध्यक्ष विवेक गौतम, कौडिन्यकी पत्नी यमुना आचार्यलगायतले वितरण गरेका थिए।

जनपक्षीय पत्रकार देवकुमार आचार्य (डि-कौडिन्य) को स्मृतिमा प्रेस सेन्टर नेपाल झापाले सो पुरस्कार स्थापना गरेको हो। पुरस्कृत लामा प्रेस सेन्टर



कोशी प्रदेशका सदस्य हुन् भने उनी नेपाल टेलिभिजनका झापा सम्वाददाता हुन्। त्यस्तै रेग्मी प्रेस सेन्टर झापाका निवर्तमान अध्यक्ष हुन्।

प्रेस सेन्टर झापाका अध्यक्ष राजु पाठकको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि आङ्बोले पुरस्कृत पत्रकारलाई शुभकामना व्यक्त गरेका थिए।

सेन्टरका उपाध्यक्ष होमप्रकाश अधिकारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन सेन्टरका सचिव पुष्प खड्काले गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि मौसम, प्रेस सेन्टरका केन्द्रिय उपाध्यक्ष विवेक गौतम, नेकपा बिप्लप पार्टीका ब्यूरो इन्चार्ज सुमनसिंह सी पौडेल, नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, पूर्व सम्मानित ब्यक्तित्वको तर्फबाट अग्रज पत्रकार लीला बराल, डि-कौडिन्यकी धर्ममत्नी यमुना आचार्य, छोरी तृप्ति

*(बाँकी अन्तिम पृष्ठमा)*

## पर्यटक लोभ्याउँदै 'बिपी-पुष्पलाल वाटिका'

**झापा, साउन ७।** मेचीनगर नगरपालिका-६ काँकरभिट्टामा रहेको 'बिपी-पुष्पलाल वाटिका' पर्यटकीय आकर्षणको केन्द्र बनेको छ।

काँकरभिट्टा बजारमै जोडिएका कारण वाटिकामा दिनहुँ पर्यटक घुमफिर र फोटोसेसनका लागि आउने गरेका छन्। वाटिकामा मनोरम फूलबारी, सेल्फी स्पट र पानीको फोहोरासहित नेपाली लोकतान्त्रिक आन्दोलनका शीर्ष नेताद्वय बिपी कोइराला र पुष्पलाल श्रेष्ठको पूर्णकदको शालिक रहेको छ।

विसं २०४६ मा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको नेतृत्वमा भएको संयुक्त जनआन्दोलनको सफलताबाट बहुदलीय प्रजातन्त्रको बहाली भएपश्चात्



नेताद्वय बिपी र पुष्पलालको एकै स्थानमा शालिक निर्माणको अवधारणा बनेको मेचीनगर नगरपालिकाका नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले बताए। सोही अवधारणा अनुसार नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)का स्थानीय नेताहरुले बिपी पुष्पलाल वाटिका तथा सहिद स्मृति प्रतिष्ठानको स्थापना गरेका थिए।

प्रतिष्ठानको अगुवाइमा विसं २०७८ माघ १५ गते तत्कालीन प्रदेश सांसद श्रीप्रसाद मैनालीले बिपी कोइराला र पुष्पलाल श्रेष्ठको शालिक निर्माणको शिलान्यास गरेका थिए। विसं २०८० जेठ ७ गते वाटिकासहित दुवै

*(बाँकी अन्तिम पृष्ठमा)*

## तीन दोब्बरले बढे विदेश जाने विद्यार्थी

**झापा, साउन ७।** आर्थिक वर्ष २०८० वैशाख १ गतेदेखि चैत ३० गतेसम्म कूल एक लाख १४ हजार ४२२ जना विद्यार्थी वैदेशिक अध्ययनमा जानका वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) लिएका छन्।

वैशाखदेखि चैत महिनासम्म वैदेशिक अध्ययनमा जानका लागि नेपालमा लोकप्रिय मानिएका विषयमा र भाषा अध्ययन गर्न जानेको संख्या उच्च रहेको छ। आर्थिक सर्वेक्षण २०८०-०८१ अनुसार आर्थिक वर्ष ७६-७७ देखि ७७-७८ बाहेक हरेक वर्ष एनओसी लिनेको संख्या बढ्दो क्रममा रहेको छ।

आर्थिक वर्ष २०७९-०८० मा एक



लाख १० हजार १२७, आर्थिक वर्ष २०७८-०७९ मा एक लाख २ हजार ५०४, आव २०७७-०७८ मा २८ हजार ८२३, आव २०७६-०७७ मा ३३ हजार १९६, आव २०७५-०७६ मा ६४ हजार ४१७, आव २०७४-०७५ मा ५८ हजार ७५८, आव २०७३-०७४ मा ५० हजार ७९६, २०७२-०७३ मा ३७ हजार १४८ र आव २०७१-०७२ मा ३० हजार ७९७ जनाले एनओसी लिएका थिए।

**भाषा पढ्न पनि विदेशिए**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यांक अनुसार जापानी भाषा अध्ययनका लागि वैशाख १ गतेदेखि चैतसम्म ३३ हजार १६१ विद्यार्थीलाई एनओसीले जारी गरिएको छ। कोरियन भाषाका लागि २६३ ओटा एनओसी जारी गरेको छ। अङ्ग्रेजीका लागि ३११ ओटा एन्ओसी जारी गरेको छ। त्यस्तै, विभिन्न भाषाका लागि ३४२ जनालाई एनओसी प्रदान गरिएको छ। भने, भोकेसनल ट्रेनिङका लागि ९५ ओटा एनओसी जारी गरिएको छ।

**व्यवस्थापन पढ्न जाने धेरै**

एनओसी जारी भएका विषय मध्ये बिजशेन स्टडी, म्यानेजमेन्ट, इञ्जिनियरिङ, हेल्थ, इन्फर्मेशन टेक्नोलोजी, साइन्स, हस्पिटालिटी, कम्प्युटर साइन्स, आर्टस्, साइन्स एण्ड

*(बाँकी अन्तिम पृष्ठमा)*

# इनरव्हील क्लब अफ अर्जुनधाराको पद हस्तान्तरण




**अर्जुनधारा,साउन ७।** इनरव्हील क्लब अफ अर्जुनधाराको दोस्रो पद हस्तान्तरण कार्यक्रम सोमबार सम्पन्न भएको छ।

क्लबकी संस्थापक एवम् क्लब २०२३-०२४की अध्यक्ष सुनिता प्रसाईं खरेलले २०२४- ०२५की नवनिर्वाचित अध्यक्ष विनिता थापा तामाङलाई प्रमाण पत्र एवम् ग्याङ्गो बेल हस्तान्तरण गर्दै पद हस्तान्तरण गरेकी थिइन्।

अध्यक्ष तामाङको अध्यक्षता र इनरव्हील क्लब अफ झापाकी अध्यक्ष आशा श्रेष्ठको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा क्लबकी निवर्तमान अध्यक्ष खरेलले आफ्नो कार्यकालको वार्षिक गतिविधिबारे जानकारी गराएकी थिइन्।

जसअनुसार सामुदायिक विद्यालयमा शैक्षिक सामग्री वितरण, सेनेटरी प्याड बनाउने तालिम, निःशुल्क पानी वितरण, संयुक्त तिज मिलन कार्यक्रम, विश्व शान्तिको कामनासहित दीप प्रज्वलन कार्यक्रम, स्तन क्यानसर सम्बन्धी सचेतनामूलक कार्यक्रम, आर्थिक सहयोगलगायत रहेका छन्।

त्यसैगरी वर्ष २०२३-०२४को उत्कृष्ट सदस्य सम्मानबाट सदस्य मुना रिजाल पौडेललाई सम्मान पत्रसहित दोसल्ला ओढाई सम्मानित गरिएको थियो।

क्लबकी आइएसओ अनी कार्की गोम्देनले इनरव्हील प्रार्थना गरेको कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठ, कोशी प्रदेशका पूर्व मुख्यमन्त्री उद्धव थापा, झापा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त', सञ्चारिका समूह झापाकी अध्यक्ष लीला अनमोललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

क्लबकी निवर्तमान उपाध्यक्ष पूर्णिमा सिटौलाले स्वागत गरेको उक्त कार्यक्रममा नवनिर्वाचित उपाध्यक्ष तारा श्रेष्ठले धन्यवाद मन्तव्य व्यक्त गरेकी थिइन्। उक्त कार्यक्रमको सञ्चालन क्लबकी सचिव प्रभा नेपालले गरेकी थिइन्।

क्लबकी अध्यक्ष खरेलको अध्यक्षता र क्लब मातृ संस्था इनरव्हील क्लब अफ बिर्तामोडकी पूर्व अध्यक्ष सम्झना भण्डारीको प्रमुख आतिथ्यमा गत असार तेस्रो साता सम्पन्न बैठकले नवनिर्वाचित अध्यक्ष तामाङको अध्यक्षतामा २२ सदस्यीय समिति सर्वसम्मत गठन गरेको थियो। त्यस्तै सोही दिन सम्पन्न दोस्रो पदहस्तान्तरण कार्यक्रमबाट चन्द्रा ओली र निशा अधिकारीलाई क्लबका सदस्यमा चयन गरिएको नवनिर्वाचित अध्यक्ष तामाङले जानकारी दिइन्।

# लागू औषध सहित ५ जना पक्राउ

**मोरङ, साउन ७।** मोरङ, झापा र सुनसरीका बिभिन्न स्थानबाट प्रहरीले लागू औषधसहित ५ जनालाई पक्राउ गरेको छ।

सुनसरीको अस्थायी प्रहरी चौकी रेल्वेबाट खटिएको प्रहरीको टोलीले धरान-१७ स्थितबाट स्थानीय ३२ बर्षीय जीवन राई र २५ बर्षीय मनिष लिम्बूलाई ट्रामाडोल ८२० ट्याब्लेट सहित नियन्त्रणमा लिएको हो।

त्यसैगरी इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरीको टोलीले मेचीनगर नगरपालिका-६ स्थितमा भारतबाट नेपाल आउँदै गरेका १९ बर्षीय निर्दोश डाँगीलाई ३ ग्राम ५ सय २० मिलिग्राम लागूऔषध ब्राउनसुगरसहित नियन्त्रणमा लिएको हो। लागूऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरीको टोलीले विराटनगर-१६ स्थितबाट स्थानीय २० बर्षीय जिवछ खत्वे र मोरङ उर्लावारी-४ का ३३ बर्षीय सबिन बुढाथोकीलाई नाईट्रोजेपाम ३० चक्कीसहित नियन्त्रणमा लिएको हो।

# डुबेर २ जना बालबालिकाको मृत्यु

**मोरङ, साउन ७।** सुनसरी र मोरङको छुट्टा-छुट्टै स्थानमा खोलामा डुबेर २ जना बालबालिकाको मृत्यु भएको छ।

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-१ का बिष्णु परियारको ७ बर्षीया छोरी बिबिशा परियार सुनसरी खोला छेऊमा खेल्ने क्रममा खोलामा डुबेर मृत्यु भएको हो भने मोरङको सुनवर्षी नगरपालिका-७ सुकुम्बासी टोलका श्रीकुमार रिषिदेवको ९ बर्षीय छोरा अमन रिषिदेब मरिया खोलामा पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

## पर्यटक...

नेताको शालिकको मेचीनगर नगरप्रमुख बुढाथोकीले उद्घाटन गरेका थिए। मेचीनगर नगरपालिकाको स्वामित्वमा रहेको १२ कट्ठा जग्गामा निर्मित वाटिकामा नेताद्वयको पूर्णकदको सालिक स्थापना गरिएको छ।

काँकरभिट्टासम्म घुम्नका लागि भारत र बङ्गलादेशबाट आउने पर्यटकहरु यही वाटिकामा पुग्ने गरेको स्थानीय होटल व्यवसायी रामबहादुर तामाङ बताउँछन्। होटलमा बास बसेर फर्किहाल्ने पर्यटकहरुले नजिकको घुम्ने ठाउँ कहाँ छ भनेर सोध्छन्,- उनी भन्छन् -हामी उनीहरुलाई बिपी पुष्पलाल बाटिका पुऱ्याइदिन्छौं। त्यहाँ घुमेर फोटो खिच्छन्। टिकटक र रिलका लागि भिडियो बनाउँछन्।

वाटिका निर्माण समितिका अध्यक्षसमेत रहेका तामाङले वाटिकामा कोशी प्रदेश सरकारको रु. ३० लाख र मेचीनगर नगरपालिकाको रु. पाँच लाख लगानी भएको जानकारी दिए। वाटिकाको सुन्दरता अभिवृद्धिका लागि अझ बजेट आवश्यक रहेको उनले बताए।

**राजनीतिक तीर्थस्थल**

नेपाली राजनीतिमा सबैभन्दा सम्मानित नेताको रुपमा नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला र नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठलाई मानिँदै आएको छ।

दुवैको शालिक एउटै वाटिकामा भएकाले यो वाटिका कांग्रेस र कम्युनिष्ट दुवै विचारका अनुयायीका लागि राजनीतिक तीर्थस्थल बनेको नेकपा ( एमाले) मेचीनगरका अध्यक्ष राजु कार्की बताउँछन्। कमरेड पुष्पलालको स्मृति दिवसमा साउन ७ गते हरेक वर्ष हामी यही वाटिकामा भेला भएर श्रद्धासुमन अर्पण गर्दै उनको योगदानको स्मरण गर्छौं,- एमाले नगर अध्यक्ष कार्कीले भने - ठीक एक दिनअघि नेपाली कांग्रेसका साथीहरु यही वाटिकामा भेला भएर लोकतान्त्रिक आन्दोलनका शीर्ष नेता बिपी कोइरालाप्रति श्रद्धासुमन अर्पण गर्नुहुन्छ।

यस वर्ष सोमबार पुष्पलाल स्मृति दिवस कार्यक्रममा भेला भएका नेकपा (एमाले)का नेता तथा कार्यकर्ताहरुले एउटै स्तम्भमा दुईतिर रहेका पुष्पलाल र बिपीप्रति समान आदरभाव प्रकट गरे। आइतबार नेपाली कांग्रेस मेचीनगरले यही स्थानमा श्रद्धाञ्जली समारोहको आयोजना गर्दा बिपी र पुष्पलाल दुवैको शालिकमा रुद्राक्षको माला लगाएर कांग्रेस नेता तथा कार्यकर्ताले श्रद्धासुमन अर्पण गरेका थिए। एमाले नेता तथा कार्यकर्ताले दुवै शालिकमा माल्यार्पण गरेका थिए।


त्रिभुवन विश्वविद्यालय

**मेची बहुमुखी क्याम्पस**

क्याम्पस प्रमुखको कार्यालय, भद्रपुर झापाको

मिति : २०८१।०४।०८

**सूची दर्ता गराउने बारेको सूचना**

पहिलो पटक प्रकाशित मिति २०८१/०४/०८

यस मेची बहुमुखी क्याम्पस भद्रपुर झापाको आ.व. २०८१/०८२ का लागि तपशिल बमोजिम उल्लेखित सामान खरिद तथा सेवाहरु आपूर्ति गर्न / गराउनका लागि त्रि.वि. आर्थिक व्यवस्थापन तथा खरिद सम्वन्धि नियम २०५० (संसोधित) परिच्छेद ११ को नियम ४९ (थ) अनुसार योग्यता पुगेका इच्छुक इजाजत प्राप्त सम्वन्धित रजिष्ट्रड पसल, सप्लायर्स तथा फर्महरुवाट निम्न सामान र सेवाहरु मध्ये आफूले सप्लाइ गर्ने कार्यहरुको छुट्टा-छुट्टै विवरण भरी छुट्टा-छुट्टै खाममा शिलबन्दी गरेर प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस क्याम्पस कार्यालयमा सूची दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएकोछ । साथै सूचिकृत भएका फर्म वा पसलले कम्तीमा ६ महिनाका लागि आवश्यक पर्ने मसलन्द सामानहरुको दररेट स्टोर तथा सामान्य प्रशासन शाखामा सर्म्पक राखी उपलब्ध गराउन समेत सुचित गरिन्छ ।

**तपशिल**

१. स्टेशनरी, मसलन्द तथा छपाइ सम्बन्धी विभिन्न सामानहरु
२. फर्निचर सम्बन्धी सामानहरु
३. फोटोकपी, कम्प्युटर, प्रिन्टर, टेलिफोन सेट आदि र स्पेयर पार्ट्सहरु
४. इलेक्ट्रिक र इलेक्ट्रोनिक सामानहरु तथा यिनीहरुको र्ममतका लागि स्पेयर पार्ट्सहरु
५. निर्माण र मर्मतका लागि आवश्यक पर्ने हार्डवयर तथा प्लम्बिङ्ग सम्वन्धी सामानहरु
६. बैज्ञानिक उपकरणहरु तथा रसायन सम्बन्धी सामानहरु
७. कम्प्युटर, ल्यापटप, प्रोजेक्टर लगायत विद्युतीय उपकरण मर्मत सम्भार सम्वन्धमा
८. पाठ्यपुस्तक सप्लाई सम्वन्धी कार्य

**निवेदकले पेश गर्नुपर्ने विवरणहरू :**

- फर्म दर्ता तथा प्रमाण पत्रको प्रतिलिपि (नवीकरण भएको आ.व. २०७९/०८०)
- स्थायी लेखा नम्बर (Pan) र मु अ. क. (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि
- आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

नोट : भ्याटमा दर्तावाल सूचिकृत पसल तथा सप्लायर्सलाई पहिलो ग्राह्यता दिइने छ ।


## पत्रकार...

आचार्य, प्रेस युनियनका तर्फबाट राजेन्द्र गौतम, प्रेस चौतारी झापाका उपाध्यक्ष प्रदीप परियार, समाजबादी प्रेस संगठनका झापा अध्यक्ष शम्भुजीत दाहाल, नारी सञ्चार गृहकी अध्यक्ष रेजिना गौतम, फोनिज झापा अध्यक्ष भूमिका फियाक लिम्बूलगायतले शुभकामना मन्तव्य राखेका थिए। जनपक्षीय पत्रकार आचार्यको २०५९ साउन ७ गते चारआली ग्यारेकमा सेनाद्वारा हत्या भएको थियो।

## दैनिक ...

जवान छन्। गतवर्ष तीन प्रहरी वरिष्ठ उपरीक्षक, एक प्रहरी उपरीक्षक, ११ प्रहरी नायब उपरीक्षक, २६ प्रहरी निरीक्षक, १६ प्रहरी वरिष्ठ नायब निरीक्षक, ४८ प्रहरी नायब निरीक्षक, एक सय १८ प्रहरी सहायक निरीक्षक, ६७ प्रहरी वरिष्ठ हवल्दार, दुई सय ८२ प्रहरी हवल्दार, तीन सय ३८ प्रहरी सहायक हवल्दार, सात सय ६४ प्रहरी जवान र २७ प्रहरी कार्यालय सहयोगीलाई कारबाही गरिएको प्रहरी प्रवक्ता कार्कीले जानकारी दिए।

गतवर्ष प्रहरी अतिरिक्त महानिरीक्षकसहित आठ हजार आठ सय ३४ जनालाई पुरस्कृत गरिएको छ। सो वर्ष १२ वरिष्ठ प्रहरी अधिकृत, दुई सय ३५ कनिष्ठ प्रहरी अधिकृत र पाँच सय ४५ अन्य दर्जा गरी कूल सात सय ९२ जनाले राजीनामा दिएका छन् भने विभिन्न तहका पाँच सय ४४ जना अनिवार्य अवकाशमा गएका छन्।

**बर्षेनि अपराधका घटना किन बढिरहेका छन् ?**

बर्षेनि अपराधका घटनामा वृद्धि हुँदै गइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ। नेपाल प्रहरीले उपलब्ध गराएको पछिल्लो चार आर्थिक वर्षका तथ्याङ्कले अपराधको सङ्ख्या बर्षेनि बढ्दै गएको पुष्टि गर्छ।

आर्थिक वर्ष २०७७/०७८ मा देशभर विभिन्न प्रकृतिका ४० हजार एक सय २० अपराधिक घटनाको मुद्दा दर्ता भएकामा गत आव २०८०/०८१ सम्म आइपुग्दा त्यो सङ्ख्या बढेर ५९ हजार दुई सय तीन पुगेको छ। आव २०७८/०७९ मा ४६ हजार नौ सय दुई र आव २०७९/०८० मा ५६ हजार तीन सय २३ मुद्दा प्रहरीमा दर्ता भएका छन्।

अघिल्लो आवको तुलनामा गत आवमा पाँच दशमलव ११ प्रतिशतले मुद्दा दर्ता वृद्धि भएको छ। गत वर्ष सबैभन्दा बढी काठमाडौं उपत्यकामा १७ हजार ४५ मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ। पछिल्लो समय सबैभन्दा धेरै आर्थिक अपराध देखिएको छ। चेक अनादरको मुद्दा बढी मात्रामा दर्ता भएका छन्। काठमाडौं उपत्यकामा आर्थिक गतिविधि केन्द्रित हुँदा आर्थिक अपराधको घटना बढेको प्रहरीको भनाइ छ।

मधेसमा नौ हजार छ सय २०, कोशीमा नौ हजार तीन सय ७८, लुम्बिनीमा सात हजार छ सय ४४, बागमतीमा पाँच हजार एक सय ९७, गण्डकीमा चार हजार छ सय ९८, सुदूरपश्चिममा तीन हजार छ सय एक र कर्णालीमा दुई हजार २० वटा आपराधिक घटनाको मुद्दा दर्ता भएका छन्।

गत वर्ष सबैभन्दा बढी १३ हजार दुई सय ६३ बैङ्किङ कसूर सम्बन्धी मुद्दा दर्ता भएका प्रहरीको तथ्याङ्क छ। सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता सम्बन्धी १० हजार सात सय ५६, आत्महत्या सात हजार एक सय ९४, लागूऔषध चार हजार तीन सय ९८, चोरी तीन हजार सात सय ५८, जबरजस्ती करणी दुई हजार पाँच सय सात, ठगी एक हजार आठ सय ७४, सवारी ज्यान एक हजार सात सय ७५ र ज्यान मार्ने उद्योगसम्बन्धी एक हजार १९ वटा मुद्दा दर्ता भएका छन्।

प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्की भूमण्डलीकरणले ल्याएको परिवर्तन, प्रविधि विकास तथा आर्थिक गतिविधि अत्यन्त चलायमान भएका कारण परम्परागत प्रकृतिका अपराधका तुलनामा आर्थिक र साइबर अपराधका घटना बढेको बताउँछन्।

परम्परागत प्रकृतिका अपराध खासै बढेका छैनन्, विगतमा आर्थिक कारणले अन्य अपराध हुन्थे, अहिले त्यसको स्वरुप बदलिएको छ, आर्थिक नै अपराधका रुपमा वृद्धि भएका छन् - प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उनले भने -आर्थिक अपराध गाउँमा छैनन्, जहाँ आर्थिक गतिविधि बढी हुन्छन्, त्यहाँ आर्थिक अपराधका मुद्दा बढी दर्ता भएका छन्।

पछिल्लो समय प्रविधिको विकाससँगै अपराधको स्वरुप पनि बदलिएको उनको भनाइ छ। प्रवक्ता कार्कीले नेपाल प्रहरी अपराधका घटना न्यूनीकरण गर्न र अपराधीलाई कानुनी दायरामा ल्याउन निरन्तर क्रियाशील रहेको बताए। समुदाय-प्रहरी साझेदारी अन्तर्गत साइबर सुरक्षा तथा सडक दुर्घटना र आत्महत्या न्यूनीकरणलगायतका घटना हुन नदिन प्रयास थालिएको छ- उनले भने।

## तीन ...

टेक्नोलोजी लगातयका विषय पढ्न विदेशिने विद्यार्थीको संख्या बढी देखिएको छ।

वैदेशिक अध्ययन अनुमति शाखा ( एनओसी) शाखाका अनुसार भाषापछि धेरै विद्यार्थी विदेश जान भनेको म्यानेजमेन्ट पढ्नका लागि हो। चैत-वैशाखको अवधिमा विभिन्न देशमा व्यवस्थापन पढ्नका लागि विदेश जानेको संख्या २८ हजार ६९१ जना रहेका छन्। शाखाले यो वर्ष व्यवस्थापन अध्ययनका लागि अनुमतिपत्र प्रदान गरेको हो।

त्यस्तै बिजनेश स्टडीका लागि ११ हजार ३१५, इन्फरमेशन टेक्नोलोजी ६ हजार ८०३, साइन्स ४ हजार ८७१, हेल्थ ४, हजार ७५४, कम्प्युटर साइन्स ४ हजार २८३, इञ्जिनियरिङ ४ हजार २७२, साइन्स एण्ड टेक्नोलोजी ४ हजार १५८, हस्पिटालिटीका लागि ३ हजार १६ ओटा एनओसी जारी भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

धेरै विषयमा एक एक जनाले एनओसी लिएका छन्। धर्मशास्त्र ( थोलोजी),साइन्स एण्ड टक्नोलोजी, प्याकल्टी अफ साइन्स एण्ड इञ्जिनियरिङ, हस्पिटालिटि म्यानेजमेन्ट, एभिएसन-एयरवे म्यानेजमेन्ट एण्ड अपरेसन, फुड एण्ड ड्रग, अकाउन्टिङ, फाउन्डेसन, फरेन एफएयर, जोर्नालिजज्म, तथ्यांक शास्त्रका लागि एक एक जनाले एनओसी लिएका छन्।

**जापान जाने धेरै**

जापानका लागि ३४ हजार ५८ जना, क्यानडाका लागि २१ हजार ३०९, अस्ट्रेलियाका लागि १८ हजार ७७९, युनाइटेड किङडम (युके)का लागि १२ हजार २८२ जनाले एनओसी लिएका छन्। त्यसैगरी, युनाइटेड स्टेट अफ अमेरिकाका लागि ८ हजार २५०, कोरियाका लागि ४ हजार ८८७, भारतका लागि ३ हजार ३७२, युएई २ हजार ३१३, फ्रान्स १ हजार ४०४, फिनल्याण्ड १ हजार २०३, न्युजिल्याड १ हजार ३७९ले एनओसी लिएका छन्।

## पूर्व ...

गर्न, घटनामा संलग्नको खोजी गर्न र कडा कारबाही गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराएको हो।

रायको निधनबाट राप्रपाले आफ्नो संस्थापक सदस्य र तराइ मधेश क्षेत्रको एकजना लोकप्रिय राष्ट्रवादी नेता गुमाएको प्रवक्ता मोहन श्रेष्ठले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमार्फत राप्रपाले दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकूल परिवारमा समवेदना प्रकट गरेको छ।


तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं।

**रोमानीयामा रोजगारी**

1. Company : Project -70/24

Pre Approval Date: 2079/11/17 | चलानी नं.: ६०१९८१६६ | LOT No. 281582 | Re Approval Date: 2081/04/03

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EURO | मासिक तलब नेरु | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |
| 2. | Truck Driver | 30 | 0 | 1200 Euro | १,७५,९८०/- | | | | | | | |
| 3. | Food Delivery | 200 | 0 | 750 Euro | १,०९,९८८/- | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 4. | Welder/Mason | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 5. | Pipefitter/Plumber | 25 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 6. | Electrician/ Steelfixer | 40 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 7. | Gypsum/Concrete Worker | 30 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 8. | Cleaner/Hotel Maids | 25 | 20 | 750 Euro | १,०९,९८८/- | | | | | | | |
| 9. | Shuttering Carpenter | 10 | 0 | 750 Euro | १,०९,९८८/- | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १० गते बिहिवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

1. INTERNATIONAL WORK FINDER

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 2 | 2 | 550 | ७३,३९५ | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 5 | 0 | 650 | ८६,६५० | | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 4. | Factory Helper | 26 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 5. | Gardener | 2 | 0 | 550 | ७३,३९५ | | | | | | | | |
| 6. | General Worker | 25 | 9 | 550 | ७३,३९५ | | | | | | | | |

फाइनल अन्तर्वार्ता यहि मिति २०८१ साउन १४ गते सोमवार सी.पी होटल बिर्तामोड झापामा हुनेछ।

AMCON OVERSEAS PVT. LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
सम्पर्क : ०२३५३५०७४/५३५०७२/५३०१०६
फोन : ९८५२६९१९९९, ९८५२६७४८०९,९८१६०१५४८८, ९८०७९६३७९५,९८१६०१६२०९,९८५२६७४८१०,९८१६०१६२०९
Email : pangdhakgroup@gmail.com





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

# एमाले र नेकाबीचको सहमतिको अन्तर्य

**प्रतिनिधिसभामा विश्वासको मत माग्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले कांग्रेस र एमालेबीच भएको सात बुँदे सहमति सार्वजनिक गरेका छन् । ओलीले उक्त सहमतिको एउटा बुँदामा सरकारको शुरुवाती दुई वर्ष आफू प्रधानमन्त्री हुने र त्यसपछिको चुनावी सरकार कांग्रेस सभापति शेरबहादुर देउवाको नेतृत्वमा हुने उल्लेख गरिएको जानकारी सदनलाई दिए । दुई दलले गरेको सहमति सार्वजनिक गर्न आनाकानी गरेको र मध्यरातमा गरेको सहमति षडयान्त्रिक र जनविरोधी भएको आरोप लागीरहँदा दुई दलबीचको सात बुँदे सहमति प्रम ओलीले सार्वजनिक गरेका हुन् ।**

**आम जनताको चाहाना बमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरताको लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने, राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखा परेका सबल पक्ष र दुर्बल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वको लागि संविधानमा आवश्यक संशोधन र तदनुकुलको कानून निर्माण गर्ने विषयलाई प्राथमिकता दिने, अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने । आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने, राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले र त्यसपछि २०८४ मंसीरमा हुने आम निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने, राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम् साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गर्ने, राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताको आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने र अन्य राजनैतिक दललाई समेत सरकारमा समावेश गर्ने र राष्ट्रिय सहमतिको सरकारको मर्म र भावना अनुरूप प्रदेश सरकारको गठन र सञ्चालन गर्ने र जनभावना अनुरूप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिने सहमतिमा उल्लेख गरिएको छ ।**

**सहमतिमा उल्लेख भएका विषयवस्तु सर्वथा नयाँ लाग्दैन । यी सहमति पटक–पटक फरक–फरक समूह, दल र संस्थाबाट दोहो¥याइएका हुन् । मूल प्रश्न कार्यान्वयनको हो । नेपालको संविधान २०७२ को मूल मर्म रहेको लोकतन्त्र, गणतन्त्र, समावेशिता, समानुपातिकता, धर्मनिरपेक्षता, संघीयता जस्ता विषयवस्तुमा कुनै दखल नदिने, तर समग्र मुलुकको हितका लागि सर्वदलीय तथा सर्वपक्षीय सहमति र सहकार्यबाट संविधान संशोधन गर्न प्रम केपी ओली र नेका सभापति शेरबहादुर देउवा तयार हुनु सकारात्मक कुरा हो । सहमतिको भाषा पढ्दा अन्तर्यमा सकारात्मक र मुलुकलाई निकास दिने शुभभाव प्रष्टिन्छ, तर भविष्यमा राजनीति कसरी अघि बढ्ने हो, त्यो त समयक्रममा स्पष्ट हुँदै जाने हो ।**



शिव गाउँले

# पत्रकारितामा ‘सेल्फ सेन्सरसीप’

‘सेल्फ सेन्सरसीप’को अर्थ स्व-नियन्त्रण हो । पत्रकारितामा ‘सेल्फ सेन्सरसीप’ भनेको एउटा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव रहेको कुनै विषय आन्तरिक र वाह्य कारणले प्रकाशमा नल्याउनु वा जुन रुपमा भएको हो सो रुपमा नल्याउने अवस्था हो । अथवा पत्रकार र तथ्यका बीचमा अवरोध ल्याउने एउटा पाटो हो सेल्फ सेन्सरसीप । जो विभिन्न कारणले गर्दा पत्रकारले थाहा पाएको वा थाहा पाउन सम्भव विषयलाई प्रभावित गरिदिन्छ । जसकाकारण समाज तथ्य थाहा पाउने अधिकारबाट वञ्चित हुन्छ ।

‘सेन्सरसीप’ भन्दा ‘सेल्फ सेन्सरसीप’ झन् गम्भीर र खतरनाक हुन्छ । ‘सेन्सरसीप’ सामान्यतयाः घोषित हुन्छ, देखिन्छ, प्रकट हुन्छ । त्यसकारण यसका तथ्यहरु केलाउन सजिलो हुन्छ । त्यसबिरुद्ध लड्न वा प्रतिवाद गर्न सहज हुन्छ । तर, ‘सेल्फ सेन्सरसीप’ धेरै हदसम्म अप्रकट हुन्छ, प्रमाण जुटाउन मुस्किल पर्छ । परिवेश र परिस्थितिको समिक्षा गरेर निचोड निकाल्नु पर्ने हुनाले कठिन पनि हुन्छ । समाचार, कार्यक्रम वा विचारमा नआएका तथ्यहरु केलाएर यसको व्यापकता, असर र प्रभाव मूल्यांकन गर्नुपर्छ । त्यसैले यो तुलनात्मक रुपमा जटिल छ ।

अभिव्यक्ति स्वतन्त्रताको वकालत गर्ने प्रजातान्त्रिक समाजमा ‘सेल्फ सेन्सरसीप’ गम्भीर कुराको संकेत हो र यसको सधैँ विरोध हुने गर्छ । किनकि यसले तथ्य लुकाउन, बंग्याउन वा नरम बनाउन बाध्य पार्छ । त्यस अर्थमा तथ्य थाहा पाउने नागरिक अधिकारको विरोधी पाटो पनि हो ‘सेल्फ सेन्सरसीप’ ।

‘सेल्फ सेन्सरसीप’लाई कतिपयले कतिपय प्रसंगमा सकारात्मक अर्थमा पनि प्रयोग गर्न खोजेका छन् । पत्रकार वा सञ्चार संस्थाले बृहद् सार्वजनिक हितमा कुनै कुरा तौलिएर मात्रै प्रकाशन वा प्रशारण गर्नु, कहिलेकाहीँ त्यसलाई प्रकाशमा नल्याउनु पनि हो । अथवा कतिपय कुरा लुकाउनुलाई पनि ‘सेल्फ सेन्सरसीप’ मानिएको छ र यसो गर्नु व्यापक सार्वजनिक हितमा उपयुक्त नै हो भन्ने अर्थ गर्न खोजिएको छ । यसका पक्षधरहरु ‘भारतमा इन्दीरा गान्धीको हत्या कुनै जाति विशेषका सुरक्षागार्डबाट भएको’ भनेर गरिएको गल्ती प्रेसले लुकाउन सक्थ्यो भनेर तर्क गर्छन् । तर, प्रेस र अभिव्यक्ति स्वतन्त्रताको फराकिलो आलोकमा ‘सेल्फ सेन्सरसीप’ भनेको विचार र अभिव्यक्ति स्वतन्त्रता विरोधी पक्ष नै हो । यसले कुनै न कुनै रुपमा विचारलाई संकुचन गर्छ, तथ्यलाई लुकाउँछ, ढाकछोप गर्छ वा पीडक वा जवाफदेही बनाउनुपर्ने पक्षको हितमा प्रयोग गर्छ ।

‘काउन्सिल अफ युरोपको ह्युमन राइटस् च्यानल’ मा प्रेस स्वतन्त्रता अनुगमन कर्ता एइडन हवाइट लेख्छन्- ‘जब पत्रकार अथवा सम्पादक आफ्नो समाचार वा सम्पादकीय अर्न्तवस्तु माथिको छनौट गर्दा राज्य, प्रहरी, सञ्चार संस्थाको मालिक वा विज्ञापनदाताको स्वार्थ बमोजिम परिचालित हुन्छ भने त्यहाँ राम्रो पत्रकारिताको सम्भावना रहन्न ।’ यो भनेको सेल्फ सेन्सरसीपको अवस्था आउने परिस्थिति हो ।

पत्रकार, सम्पादक वा सञ्चार संस्थालाई समाजमा यस्ता विभिन्न पक्षहरु हुन्छन् जसले ‘सेल्फ सेन्सरसिप’ लागू गर्न दबाब दिन्छन् । ती मध्ये एउटा हो सम्पादक, पत्रकार वा सञ्चार सस्थाको व्यवस्थापकीय नेतृत्वको आस्थाको मामिला । सामान्यतयाः आस्था राजनीतिक भन्ने बुझिए पनि त्यो सार्वजनिक सरोकारको मामिलामा नीति-निमार्णदेखि कार्यान्वयन तहसम्मलाई प्रभाव पार्ने चिन्तनको फराकिलो दायरा हो आस्था ।

आफू सम्बद्ध दलको, दलका नेताको, त्यसमा पनि आफनो गुट वा समूहको पक्षमा गरिने खातिरदारी यसको एउटा उदाहरण हो । यसले आफ्नोको सधैँ सर्मथन र अरुको सधैँ विरोध गर्न सिकाउँछ । यसले व्यवहारमा आफ्नाको गल्ती नदेख्ने मनोवृत्ति विकास गरिदिन्छ ।

नेपाली समाजमा प्रचलनमा रहेको ‘आफ्नो आङको भैसी नदेख्ने, तर अरुको जिउको जुम्रा देख्ने’ प्रवृत्ति यसैको परिणाम हो । तसर्थ दल, जात, क्षेत्र, समुदाय प्रतिको अति आशक्तिले सेल्प सेन्सरसिपलाई मलजल गर्छ । कतिपय अवस्थामा कुनै व्यक्ति, विचार वा पक्षप्रतिको अति सर्मथन वा चर्को विरोधले पनि पत्रकारलाई त्यससँग सम्बन्धित मामिलामा ‘सेल्फ सेन्सरसिप’ को अवस्थामा पुऱ्याउन सक्छ ।

सेल्फ सेन्सरसीप बढाउने अर्को पक्ष धर्म पनि हो । सबै धर्महरुको केन्द्रीय चेतना भनेको मानव सेवा हो भन्ने सीमाभन्दा बाहिर निस्केर आफू र आफूले मानेको धर्म मात्रै ठिक अरु गलत देखाउन गरिने पैरवी जब पत्रकारिता वा सञ्चार संस्थाको सम्पादकीय अर्न्तवस्तु बन्नपुग्छ त्यहाँ एउटा धर्म ठिक अरु गलत भन्नुपर्ने अवधारणाले सम्पादक वा पत्रकारको मनोभावना एक पक्षीय हुन सघाउँछ । यसले पनि ‘सेल्फ सेन्सरसीप’लाई सघाउँछ ।

समाजमा यस्ता अरु थुप्रै बिषयहरु छन् जहाँ सम्पादक, पत्रकार वा सञ्चार संस्था स्वतन्त्र र तटस्थ भएर बिना दबाब वा प्रभाव विषय वस्तुलाई हेर्ने, टिप्पणी गर्ने वा पक्ष वा विपक्षमा उभिएर पूर्वाग्रह बीना बहस पैरवी गर्ने सम्भावना न्यून पारिदिन्छ । हिंसाको वकालत यसको एउटा उदाहरण हुन सक्छ । नेपालले पनि हिंसा राजनीतिको अंग हो र होइन भन्ने लामो श्रृंखला पार गरेको छ । बेलाबखत हाम्रा सम्पादक, पत्रकार र सञ्चार गृहहरु यसबारेमा अलमलमा परेका उदाहरणहरु पनि छन् ।

कतिपय बेला समाज वा राज्य संयन्त्रको चर्को दबाबका कारण पनि सञ्चार गृहहरु सेल्फ सेन्सरसीप गर्न बाध्य हुन्छन् । नेपालमा दरवार हत्याकाण्ड भनेर चिनिने घटनामा मिडियाले गरेको ‘कभरेज’ यसको एउटा उदाहरण हो । राजधानीमा सँ-साझै भएको हत्याको त्यो घटनाको भोलिपल्ट प्रकाशित हुने कुनै पनि पत्रपत्रिकाले तथ्यपूर्ण रिर्पोटिङ गर्न सकेका थिएनन् । एक-दुई पत्रिकाले दरवारमा गोली चलेकोसम्म लेख्न सके । अपराध र सुरक्षा विट हेर्ने केही पत्रकारले त यसलाई आफ्नो पत्रकारिता जीवनको सबैभन्दा अध्यारो पाटो समेत भनेका छन् । डर, त्रासका कारण कसरी पत्रकार र सञ्चार संस्था आफूले थाहा पाएको जति समाचार दिन पनि डराउँछन् भन्ने यो एउटा उदाहरण हो ।

लोभ सेल्फ सेन्सरसीपको अर्को हतियार हो । जब पत्रकार, सम्पादक र सञ्चार संस्था कुनै कुराको लोभमा फस्छन्, त्यतिखेर उनीहरुले त्यहाँ स्वतन्त्रतापूवर्क समाचार, कार्यक्रम र सम्पादकीय टिप्पणी गर्ने हैसियत गुमाउँछन् । लोभ यस्तो हतियार हो, जसले सार्वजनिक नभइकन धेरै कुरा सिध्याउन सघाउँछ । यसमा कहिँकतै देखिने धम्कि वा डर हुन्न । लाभ पाइन्नकी भन्ने डर मात्रै हुन्छ । जसका कारणले गर्दा आँखै अगाडिका धेरै कुराहरु समाचार, कार्यक्रम वा सम्पादकीय टिप्पणीको बिषय बन्न छाड्छन् ।

सार्वजनिक सुरक्षा र मुलुकको शासन प्रणाली पत्रकार, सम्पादक र सञ्चार संस्थाहरुलाई सेल्फ सेन्सरसीपमा पुऱ्याउन सक्ने पक्ष हो । यदि देशको सार्वजनिक सुरक्षा पद्धती विश्वसनीय छैन भने पत्रकारले निर्भयतापूवर्क समाचार लेख्न सक्दैन । यो समाचार वा टिप्पणीले मेरो सुरक्षामा प्रश्न उठाउला कि ? म असुरक्षित हुँला कि ? अथवा मलाई केही भइहाल्यो भने ? जस्ता प्रश्न पत्रकारको मनमा उठाइदिन्छ । यसको परिणाम पत्रकारले धेरै समाचार देखेको नदेख्यै गर्न थाल्छन् । देखे पनि समाचारमा जुन ‘धार’ हुनुपथ्र्यो त्यो हुँदैन । समाचार आइहाले पनि असाध्यै नरम धारमा आउन सक्छ ।



यस अर्थमा पत्रकारितामा ‘सेल्फ सेन्सरसीप’ कतिको छ भन्ने प्रश्न त्यो समाजको पत्रकारिताभित्र मात्र सम्बन्धित विषय होइन । त्यो समाज कति उदार, खुला छ, कति सुरक्षित छ, शासकहरु कति जवाफदेही छन् अनि पत्रकारिता कति व्यवसायिक छ भन्ने कुरासँग सम्बन्धि हुन्छ । त्यस अर्थमा पत्रकारितामा सेल्फ सेन्सरसीप त्यो देशको राजनीति, समाज, अर्थतन्त्र र सार्वजनिक सुरक्षा प्रणाली र प्रेसको व्यवसायिक स्तर मापन गर्ने एउटा औजार पनि हो ।

**खोज पत्रकारितामा बाधा**

सेल्फ सेन्सरसीपले पत्रकारितालाई लुलो बनाउँछ । यसले तथ्यहरुलाई जस्ताको तस्तै आउन दिँदैन । पत्रकारिता प्रति पाठक, दर्शक र स्रोताको विश्वासलाई कमजोर बनाइ दिन्छ । त्यसमा पनि खोज पत्रकारितालाई यसले नराम्रोगरी प्रभावित बनाइ दिन्छ । किनकि खोज पत्रकारितामा गहिरो अनुसन्धान गरेर लुकाएको तथ्य बाहिर ल्याउनुपर्छ । अनुसन्धान र लामो अध्ययनपछि मात्रै कुनै कुरा बाहिर ल्याउने/नल्याउने निर्णय गर्न सकिने हुन्छ । तर, जुन समाजमा सामान्य आलोचना वा टिप्पणी नै नसहने, त्यसलाई अवाञ्छित प्रतिवाद गर्ने वा अस्विकार गर्ने संस्कृति हुन्छ । त्यहाँ खोज पत्रकारिताले वाञ्छित परिणाम देखाउन सक्दैन । यस्तो समाजमा हो सेल्फ सेन्सरसीप मौलाउने । किनकि पत्रकारले आफ्नो समाचारलाई लिएर पाइँला-पाइँलामा डराउनु पर्दछ ।

असहिष्णु समाज र बन्द शासन प्रणाली खोज पत्रकारिताका अवरोध हुन । जहाँ पत्रकारले गहन अनुसन्धान गरेर प्रकाशमा ल्याएको तथ्यलाई राज्य प्रणाली र शासन पद्धतीको सुधारको अंग बनाउने होइन कि त्यसलाई अवमूल्यन गर्ने, मानमर्दन गर्ने र उल्टो गालिगलौचको बिषय बनाउने गरिन्छ । त्यस्तो अवस्थामा एउटा पत्रकार के गर्ने के नगर्ने भन्ने दुविधामा हुन्छ । यो पनि एक प्रकारको ‘सेल्फ सेन्सरसीप’ हो ।

नेपालमा दरवार, सेना र अदालत लामो समयसम्म नेपाली प्रेसका लागि हाउगुजीका बिषय भए । राज दरवारका बारेमा केही नलेख्ने कतिपय सञ्चार माध्यमहरुको नीति नै हुन्थ्यो । मुलुकमा प्रजातन्त्र आइसकेपछि पनि तत्कालिन दरवारका युवराजधिराजले गराएको सडक दुर्घटनालाई लिएर पनि त्यसबेला खासै आलोचना भएन । अझ कतिपय लिडिङ्ग पत्रपत्रिकाले दुर्घटनाका पाठहरु भन्ने टिप्पणी लेखेर पुरै घटनालाई ओझेलमा पारेका थिए ।

त्यस्तै सेना वा सुरक्षा निकायका वारेमा कुनै टिप्पणी गर्नु अघि पत्रकारले पटक-पटक सोच्नुपर्ने अवस्था आयो भने त्यो पनि सेल्फ सेन्सरसीप हो । त्यसैगरी नेपालको न्यायालय पनि लामो समयसम्म प्रेसको टिकाटिप्पणीभन्दा बाहिर रह्यो । प्रेसले पनि त्यहाँका औपचारिक समाचार कभर गर्नेभन्दा बारिह गएर कुनै गहिरो समाचार खोजबिन गरेन । नेपाली समाजमा अरु यस्ता धेरै उदाहरणहरु छन् जसले कुनै बेला ‘सेल्फ सेन्सरसीप’लाई मलजल गरेको थियो ।

नेपालमा सेल्फ सेन्सरसीपको अवस्थाका सम्बन्धमा केही संक्षिप्त अध्ययनहरु भएका देखिन्छन् । तिनले नेपाली समाज, यहाँका विभिन्न पक्षहरु र तिनले आमसञ्चार माध्यमहरुलाई सेल्फ सेन्सरसीपमा कसरी पुऱ्याउँछन् भन्ने खुलासा गरेका छन् । व्यवसायिक पत्रकार, सञ्चारविज्ञसँग देशव्यापीरुपमा छलफल गरेर तयार गरिएका यी प्रतिवेदनहरुले समाजको तत्कालिन अवस्थासँग प्रेसको ‘सेल्फ सेन्सरसीप’को बिषय अन्तर सम्बन्धित हुने देखाएको छ ।

त्यस मध्येको एउटा हो, दक्षिण एशियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा)को अध्ययन । साफ्मा लागि पत्रकार प्रतिक प्रधान र रघु मैनालीको संयुक्त लेखनमा तयार भएको प्रतिवेदन ‘नेपाली पत्रकारितामा सेल्फ सेन्सरसीप’ अनुसार, ‘सेल्फ सेन्सरसीप नेपाली समाजको अंग बनेको अवस्थामा पत्रकार मात्रले स्वतन्त्रतापूर्वक आफूले उजागर गरेका तथ्यहरु बाहिर ल्याउन सक्दैनन् । पत्रकार आफैले यति धेरै मामिलामा स्व-नियन्त्रण गर्छ कि तथ्यहरु हराएर जाने सम्भावना धेरै रहन्छ ।’

शक्तिशाली व्यक्ति वा समूहका बदमासी, भ्रष्टाचार र संगठिन अपराध जस्ता विषयमा पत्रकारले गहिरो अनुसन्धान नगरिकन सत्य बाहिर आउन मुस्किल पर्छ । तर, पत्रकारलाई लोभ, डर र भौतिक तथा व्यवसायिक सुरक्षाको अभावमा उसले धेरै तथ्यहरु लेख्ने/नलेख्ने भनेर तौलिन थाल्छ । कति लेख्दैन, कतिलाई पीडक वा शक्तिशाली व्यक्तिको पक्षमा लेख्छ, नभए नरम भाषामा लेख्छ । यसको परिणाम समाज सत्य-तथ्य थाहा पाउनबाट वञ्चित हुन्छ । समग्रमा पत्रकारितामा ‘सेल्फ सेन्सरसीप’ पत्रकारको चिन्तन, सोच र परिश्रमबाट प्राप्त तथ्यमाथि उसले मनमनै चलाउने कैँची हो । जसबाट समाजमा लुकेका वा लुकाइएका तथ्यहरु बाहिर आउनबाट रोकिन्छन् ।

*(अनलाइनखबर डटकमका प्रधान सम्पादक शिव गाउँले, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष हुन् । गाउँले यसअघि हिमाल खबरपत्रिका र खोज पत्रकारिता केन्द्रका सम्पादक थिए ।)*



# दहीसँग के खानु हुँदैन ?

दही स्वास्थ्यका लागि निकै फाइदाजनक छ । आयुर्वेदमा दहीलाई पेट सम्बन्धी रोग निको पार्ने र पाचन प्रणालीलाई सुधार्ने खाना मानिन्छ । विशेषगरी गर्मीमा दहीको सेवनले शरीरलाई शीतल राख्छ र पाचनलाई बलियो बनाउँछ । दही खाँदा शरीरलाई क्याल्सियम र भिटामिन प्राप्त हुन्छ । जसका कारण हड्डी बलियो हुन्छ ।

दहीमा भिटामिन बी १२, प्रोबायोटिक, पोटासियम, म्याग्नेसियम, क्याल्सियम र प्रोटिन जस्ता पोषकतत्वहरू पाइन्छ जुन शरीरका लागि फाइदाजनक हुन्छ । तर, के तपाईंलाई थाहा छ दहीमा केही चीज मिसाएर खाँदा वा दही खाएपछि खाँदा स्वास्थ्यमा हानी पुग्न सक्छ । धेरै पटक जानी-जानी वा अन्जानमा मानिसहरूले दहीसँग यस्ता खानेकुरा खान्छन्, जुन शरीरका लागि हानिकारक हुन्छ ।

**जानौँ दही खाएपछि के-के खानु हुँदैन :**

**दूध वा त्यसबाट बनेको खानेकुरा :** आयुर्वेदमा दहीसँग दूध वा त्यसबाट बनेको खानेकुराको सेवन गर्नुहुँदैन । कतिपयले दहीसँग खीर वा दूध पिउने गर्छन्, जुन हानिकारक सावित हुन सक्छ । आयुर्वेदमा दही र दूध एकसाथ सेवन गर्न निषेध गरिएको छ । दही हल्का र सजिलै पचाउन सकिने खानेकुरा हो भने दूध भारी र ढिलो पच्ने खानेकुरा हो भन्ने मान्यता छ । दुबै सँगै सेवन गर्दा ग्यास, एसिडिटी, पेट फुल्ने र पाचन सम्बन्धी समस्या हुन सक्छ ।

**आँप :**

गर्मीमा मानिसहरू खानामा दही खाने र त्यसपछि आँप काटेर खाने गर्छन् । तर, यी दुई चिज सँगै खाँदा तपाईंलाई हानी हुन सक्छ । दहीसँग आँप खानु हुँदैन । आँप तातो प्रकृतिको र दही चिसो प्रकृतिको हो । दुवै सँगै सेवन गर्नाले शरीरमा विषाक्त पदार्थहरू बन्न सक्छ । यसो गर्दा पाचन र छाला सम्बन्धी समस्या हुन सक्छ ।

**माछा :**

माछा पकाउँदा कतिपयले टमाटरको सट्टा दहीको प्रयोग गर्छन् तर त्यसो गर्नु स्वास्थ्यका लागि राम्रो होइन । दहीसँग माछा खाँदा हानिकारक हुन सक्छ । यसले पेट दुख्ने, अपच, ग्यास र बान्ता हुन सक्छ । त्यसैले माछा दहीसँग वा दहीपछि खानु हुँदैन ।

**प्याज :**

दही र प्याजको संयोजन पनि आयुर्वेदमा राम्रो मानिँदैन । कतिपयले खानामा प्याज खाने र दहीसँगै खाने यी दुवै कुराले हानी पुऱ्याउन सक्छ । दहीमा प्याज मिसाएर खानु पनि ठिक होइन । यसले एलर्जी, ग्यासको समस्या वा बान्ता हुन सक्छ ।

**केरा :**

केरालाई दूधसँग खाने गरिन्छ भने कतिपयले दहीसँग केरा पनि खान्छन् । धेरै पटक मानिसहरूले फल राइता बनाएर खान्छन् जसमा केरा प्रयोग गरिन्छ । तर, आयुर्वेदमा दही र केरा सँगसँगै खानु उचित मानिँदैन । यसले स्वास्थ्यमा निकै नराम्रो असर पार्न सक्छ । दही खाएको दुई घण्टापछि मात्रै फलफूल खानुपर्छ ।

# पत्रकार चन्द्रकिशोरलाई दुई लाख २२ हजार राशिको सेवा पुरस्कार

**बिर्तामोड, साउन ७।** पत्रकार तथा स्तम्भकार चन्द्रकिशोरलाई दुई लाख २२ हजार दुई सय २२ रुपैयाँ राशिसहितको सेवा पुरस्कार नेपाल-२०८१ प्रदान गरिने भएको छ ।

कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवा गुठी काठमाडौंले उक्त पुरस्कार यस वर्ष चन्द्रकिशोरलाई प्रदान गर्ने निर्णय गरेको गुठीका कोषाध्यक्ष किरण थापाले जानकारी दिए । साढे तीन दशकदेखि पत्रकारितामा क्रियाशिल चन्द्रकिशोर कान्तिपुर दैनिकको 'डेटलाइन तराई' र नेपाली टाइम्स (अंग्रेजी)को 'बोर्डरलाईन्स' स्तम्भकार हुन् । उनी हिमाल खबर पत्रिकाका लागि 'देहात संवाद' स्तम्भ पनि लेख्दै आएका छन् ।

खोज पत्रकारिता केन्द्र नेपालका निवर्तमान अध्यक्ष रहेका चन्द्रकिशोरले मधेस, पहाड र हिमाललाई एकसुत्रमा राख्दै समग्रमा नेपालको राष्ट्रियता र राष्ट्रिय स्वाभिमानलाई अभिवृद्धि गर्ने कार्यमा गरेको योगदानको सम्मान स्वरुप उक्त पुरस्कार समर्पण गर्न लागिएको बताइएको छ ।



नियमित स्तम्भ लेखनका साथै अन्य पत्रपत्रिकाहरुमा लेखको माध्यमबाट देशका विभिन्न सान्दर्भिक समस्यालाई उठाइ विश्लेषणात्मक रुपमा चन्द्रकिशोरले व्यक्त गरेको विचारको गुठीले प्रशंसा गरेको छ । विशेषगरी मधेश प्रदेशका जिल्लाहरुको स्वास्थ्य, शिक्षा, जातीय विभेद, छुवाछुत र विकास निर्माणको क्षेत्रमा भएको त्रुटिहरुलाई औंल्याउँदै चन्द्रकिशोरको आलोचनात्मक विश्लेषण र सुझावसहितको सन्तुलित प्रस्तुतिले समाज निर्माणमा योगदान गर्दै आएको बताइएको छ ।

सेवा गुठीका कोषाध्यक्ष थापाले भनेका छन्- 'चन्द्रकिशोरले आफ्नो लेखबाट राष्ट्रिय आत्मसम्मानको भावना अभिवृद्धि गर्दै समग्र मधेस, पहाड, हिमाल अनि तत्-तत् ठाउँमा बसोबास गर्ने आमनेपालीहरुको भाषा, साहित्य, संस्कृतिलाई उजिल्याउने जुन प्रयास गर्दै आउनुभएको छ, त्यसको सेवा गुठी परिवार उच्च कदर गर्दछ ।'

यही साउन ११ गते काठमाडौं कमलादीको नेपाल प्रज्ञा प्रतिष्ठानमा उक्त पुरस्कार समर्पण गरिने बताइएको छ । त्यति नै राशिको अर्को पुरस्कार सोही समारोहमा डा. सन्दुक रुइतलाई प्रदान गरिने पनि बताइएको छ ।




**रबर बोट तालिम दिंदै सशस्त्र प्रहरी** | नेपाल रेडक्रस सोसाइटी मोरङद्वारा विपद् प्रतिकार्यका लागि मोरङको जहदा गाउँपालिका र सशस्त्र प्रहरी ३ नं. हेटक्वाटर बुढीगंगा गाउँपालिका टङ्गी सिनवारीलाई हस्तान्तरण गरिएको 'रबर बोट' सञ्चालन सम्बन्धी पालिकाका कर्मचारीलाई कटहरी गाउँपालिकाको गोपाल फनपार्कमा तालिम दिंदै सशस्त्र प्रहरी । *तस्वीर : रासस*

# खतिवडा अभिनन्दित




**बिर्तामोड, साउन ७।** गुरुपूर्णिमा तथा व्यासजयन्तीको अवसरमा सनातन धर्म सेवा समिति झापाद्वारा कमल गाउँपालिका-३ निवासी आचार्य दुर्गाप्रसाद खतिवडा अभिनन्दित भएका छन् ।

संस्थाको ४१औं अभिनन्दन समारोह २०८१ अन्तर्गत बिर्तामोड-४ स्थित सनातन धर्म सेवा समिति जिल्ला शाखाको सभाहलमा आयोजित कार्यक्रममा आचार्य खतिवडालाई सम्पूर्ण धर्म ग्रन्थको व्याख्या र प्रवचनको माध्यमबाट वैदिक सनातन धर्मको संरक्षण सम्वर्द्धनमा पुऱ्याएको योगदानको कदर गर्दै अभिनन्दन गरिएको हो ।

सनातन धर्म सेवा समिति झापाका कार्यवाहक सभापति पं.सोमनाथ सुवेदीको अध्यक्षता तथा शिक्षासेवी गणेशप्रसाद खनालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्वागत कोषाध्यक्ष दाताराम तिम्सिनाले गरेका थिए ।

अभिनन्दित व्यक्तित्वको परिचय डा. पुण्यप्रसाद सिग्देलले र अभिनन्दन पत्र वाचन लक्ष्मीप्रसाद दंगालले गरेका थिए भने प्रमुख अतिथि खनाल, सभाध्यक्ष सुवेदी लगायतले सम्मान पत्र र दोसल्लाह ओडाएर अभिनन्दन गरिएको थियो ।

अभिनन्दित व्यक्तित्व खतिवडा, प्रमुख अतिथि खनाल, गोमेन्द्र बहुमुखी महाविद्यालयका प्रा. डा. रुपक खनाल, जिल्ला समन्वय समिति झापाका निवर्तमान प्रमुख सोमनाथ पोर्तेल, त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष प्रेमप्रकाश फलहारी, शिक्षासेवी जयनारायण ढुंगाना, मानव धर्म सेवा समितिका केन्द्रीय सदस्य अशोक सुब्बा, अभिनन्दित व्यक्तितब दामोदर पोखरेल लगायतले शुमकामना मन्तव्य राखेका थिए ।

ईश प्रार्थना र स्वस्ती वाचनसहित आरम्भ गरिएको कार्यक्रमको सञ्चालन सचिव लक्ष्मीप्रसाद दंगालले गरेका थिए ।

# भोजपुरमा व्यावसायिक मौरीपालन

**भोजपुर, साउन ७।** भोजपुरको रामप्रसादराई गाउँपालिका- ६ बैकुण्ठेका स्थानीयबासी व्यावसायिक मौरीपालनमा जुटेका छन् ।

स्थानीय सरकारले मौरीपालनसम्बन्धी तालिम दिएपछि उनीहरु व्यावसायिक मौरीपालनमा जुटेका हुन् । मौरीपालनको प्रशस्त सम्भावना रहेकाले किसानलाई व्यावसायिक मौरीपालनमा प्रोत्साहन गरिएको वडा कार्यालयले जनाएको छ । यहाँका अधिकांश किसानले व्यावसायिक मौरीपालन गरिरहेका छन् । नजिकै प्रशस्त वन क्षेत्र रहेकाले यहाँका बाक्वा, भामला,



छापगाउँ लगायतका स्थानमा मौरीपालन हुने गरेको छ ।

मौरीपालन सम्बन्धी प्राविधिक ज्ञान र आधुनिक घार बनाउने तालिम पाएपछि व्यावसायिक मौरीपालनमा लाग्न सहज भएको स्थानीय किसान शरणकुमार बोहोराले बताए । विगतमा परम्परागत मुढेघारमा मौरीपालन गरिरहेको भए पनि अहिले आधुनिक घारमा मौरीपालन थालेको उनले बताए । दुई चरणमा तालिम लिएपछि आफैले घार निर्माण गर्न थालेको उनको भनाइ छ । अहिले उनले ३५ घार मौरीपालन गरिरहेका छन् ।

यहाँका अधिकांश क्षेत्र मौरीपालनका लागि उपयुक्त रहेकाले किसानलाई प्राविधिक ज्ञानसँगै आधुनिक घार निर्माणको तालिम दिइएको वडाध्यक्ष एकराज आचार्यले जानकारी दिए । किसानलाई मौरीपालनमा जोड दिएसँगै मह उत्पादन हुन थालेको छ ।

गाउँपालिकाले किसान लक्षित विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले बताए । किसानलाई तालिमसँगै मौरी घार वितरण, उन्नत जातको बाखा तथा बोका वितरण, सुन्तलाको नर्सरी स्थापना, लागत साझेदारीमा हाते ट्याक्टर, प्लास्टिक टनेल, विद्युतीय मिल, सिँचाइ पाइप, हजारीलगायतका सामग्री वितरण गरिएको उनले जानकारी दिए ।

गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेर मौरीपालन तथा कृषिका अन्य क्षेत्रमा प्रोत्साहन गरिरहेको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए ।

# जीपी फाउण्डेशन गठन

**दमक, साउन ७।** दमकमा सम्पन्न कांग्रेस कार्यकर्ताको भेलाले गिरिजाप्रसाद कोइराला फाउण्डेशन गठन गरेको छ ।

गठित समितिको पदस्थापन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । यज्ञप्रसाद भट्टराईको संयोजकत्वमा गठित समितिको उपसंयोजकमा हरिप्रसाद अर्याल र शेखर ढकाल, सचिवमा विश्वबन्धु लिङ्देन र तेजप्रसाद आचार्य, सहसचिवमा मनिशा खत्री अधिकारी र चुडामणि भट्टराई, कोषाध्यक्षमा हेमकला न्यौपाने रहेका छन् ।

समितिका सदस्यहरुमा लता चापागाँई, कमलप्रसाद बोहोरा, पुजन चौधरी, दिपेश भट्टराई, छबिलाल न्यौपाने, कमला बाँस्कोटा दाहाल, कुमार कट्टेल, ठाकुरहरि पोखरेल, फणिन्द्र गड्तौला, कविता उप्रेती, हुमेश खतिवडा, अर्जुन शाहलाई मनोनयन गरिएको फाउण्डेशनले जनाएको छ ।

साथै फाउण्डेशनको सल्लाहकार समितिमा नेपाली कांग्रेस झापाका पूर्व जिल्ला कार्यसमिति सचिव दयानन्द गोश्वामीको संयोजकत्वमा नेपाल




किसान महासंघका पूर्व केन्द्रीय सदस्य गोपाल भण्डारी र शिक्षाविद् केशव भट्टराई सम्मिलित तीन सदस्यीय सल्लाहकार समिति समेत गठन गरिएको फाउण्डेशन झापाले जनाएको छ ।

यसैबीच निर्वाचित समितिलाई पदस्थापन एवम् विचार गोष्ठी सम्पन्न गरिएको छ । नेपाली कांग्रेस झापाका उपसभापति शेरबहादुर भट्टराईको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विशेष अतिथि संविधानसभा सदस्य एवम् नेपाल लोकतन्त्रवादी आदिवासी/जनजाति महासंघका केन्द्रीय उपाध्यक्ष विश्वदीप लिङ्देन, नेपाल किसान महासंघ कोशी प्रदेश अध्यक्ष राजेन्द्र भट्टराई, कोशी प्रदेश सदस्य तथा महाधिवेशन प्रतिनिधि चन्द्रा खड्का भट्टराई, गिरिजाप्रसाद कोइराला फाउण्डेशन सुनसरीका संयोजक केशव भट्टराई लगायतले मन्तव्य राखेका थिए ।

# मोटरसाइकल चोरी गर्दा...



**झापा, साउन ७ ।** अर्जुनधारा नगरपालिका-४ का २६ वर्षीय अमिर दनुवार चोरीको मोटरसाइकलसहित पक्राउ परेका छन् ।

असार ४ गते अर्जुनधारा-४ भाङ्बारीमा पार्किङ गरी राखेको मे.७ प ८३०९ नम्बरको मोटरसाइकल चोरी भएको भन्ने जानकारी प्राप्त हुनासाथ प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा दनुवारको घरबाट उक्त नम्बरको मोटरसाइकल फेला पारेको हो ।

चोरीको मोटरसाइकलसहित पक्राउ परेका दनुवारको इलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
**सम्पर्क :**
**९८०४९५४४००,**
**९८६६२४२४६६**
**अर्जुनधारा नपा- ४, झापा**

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२**
**९८०१३६४०९३**

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**



बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**भद्रपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**हकदावी गर्ने सम्बन्धी सूचना**

भद्रपरर नगरपालिका वाड नं. ७ बस्ने श्री मेनुका न्यौपानेको नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी–८ हाल भद्रपुर न.पा.वा.नं.७ को कि.न. ६११९ र ६१२१ को जम्मा ज.वि. ०–०–६.५० जगगामा साविक चन्द्रगढी गाविसमा निर्माण भएको ४ तल्ले भवनको नियमित नक्सा पास गरी भवन नक्सा अभिलेखीकरण प्रमाणपत्र उपलब्ध गराइ पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पूर्व तर्फको सँधियार श्री नरेन्द्र बराल सरजमिन स्थलमा अनुपस्थित हुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाइ यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला । म्यादभित्र दावीविरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराइन्छ ।
**बोधार्थ :**
**श्री सूचना प्रविधि शाखा : नगरपालिकाको website मा सूचना प्रकाशित गर्ने ।**

**बराल ट्याक्सी सर्भिस**
**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| दमकबाट : बिहान ६ बजे | सन्तोष | जीवन कार्की |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| मंगलबारेबाट : दिउसो १२ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)

नेपालीहरुको लागि भरपर्दो सेवा
**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**



Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिंदैछ ।
यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।
**पानीटंकीको पहिलो गल्ली बायाँ साइड** सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।***
Youtube Channel : Nishat M jotic kendra



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** पढाई तथा प्रेममा सफलता हुने देखिन्छ, रचनात्मक तथा कलाकारितामा मन जानेछ, सन्तान पक्षबाट सन्तुष्टि मिल्नेछ, मन प्रशन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** कर्म क्षेत्र प्रगतिशिल बन्नेछ, जुन काम गरे पनि सिद्ध हुने योग छ, मन हर्षित रहनेछ, साथीभाइले साथ दिनेछन् ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** समय त्यति राम्रो चलेन, मन अशान्त र निराश रहन सक्छ, पारिवारिक बारणबाट मनमा चिन्ता र असन्तुष्टि हुन सक्छ, धैर्य रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** स्वास्थ्यको ख्याल गर्नुहोला, मन अशान्त रहन सक्छ, कष्ट, रोग, घाटा तथा आकस्मिक संकटबाट टाढा रहनु पर्दछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** लामो दुरीको यात्रा हुने सम्भावना रहेको छ, खर्चमा विशेष निगरानी गर्नुपर्ने देखिन्छ, टाढा रहेका आफन्तबाट सुखद् समाचार सुन्न पाउनुहुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** नयाँ वस्त्र प्राप्त हुने योग छ, आफन्त तथा मित्रजनबाट सहयोग हुने योग छ, पराक्रममा वृद्धि भएर जानेछ, दिन उत्तम रहेको छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** आज अधुरा रहेका कामहरू सिद्ध भएर जाने योग रहेको छ, उच्च अधिकारीबाट साथ, सहयोग मिल्नेछ, मन आनन्दित रहनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्यले साथ दिने छैन, चिसोबाट बच्नुहोला, घाँटीको समस्या बढेर जान सक्छ, साथीभाइले साथ दिनेछन्, दिन सामान्य रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** मनमा सन्ताप बढेर जानेछ, खर्च वृद्धिको योग छ, विपरीत लिङ्गी मित्रबाट धोका हुन सक्छ, स्वास्थ्यले साथ दिने छैन ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** समय मिश्रित फलदायी रहेको छ, कहिँकतैको यात्राको अवसर आउन सक्छ, फजुल खर्च बढेर जानेछ, सानो काममा धेरै मेहनत गर्नु पर्दछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** समय फलदायी छ, छोटो दुरीको रोमान्टिक यात्रा हुनेछ, साथीभाइले सहयोग पुऱ्याउने छन्, मन प्रशन्न रहला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** समय राम्रो रहेको छ, व्यापार-व्यवसायमा लाभदायक योग परेको छ, मेहनतले गरेको काममा यथोचित लाभ मिल्नेछ, मन प्रशन्न रहला ।